नेपाल नागरिक उड्डयन प्राधिकरण

**चन्द्रगढी नागरिक उड्डयन कार्यालय**

भद्रपुर, झापा

# कन्फेक्शनरी पसल सेवा सञ्चालन गर्ने सम्बन्धी बोलपत्र आव्हानको सूचना

( प्रकाशित मिति २०८१/०९/२२ )

चन्द्रगढी विमानस्थलको प्रस्थान कक्ष (Sterile Hall) मा १२.६० वर्गमीटर क्षेत्रफल भएको कोठामा कन्फेक्शनरी पसल सेवा सञ्चालनको लागि बढाबढ प्रक्रियाद्वारा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सरकारबाट सो सम्बन्धी कारोबार गर्न इजाजत प्राप्त गरेका इच्छुक व्यक्ति/संस्था/फर्म/कम्पनीले निम्न शर्तहरुको अधीनमा रही बोलपत्र फाराम यस कार्यालयमा पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना सम्बन्धी विस्तृत विवरण नेपाल नागरिक उड्डयन प्राधिकरणको वेबसाईट www.caanepal.gov.np मा राखिएको छ। साथै यस सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा कार्यालयमा अथवा कार्यालयको फोन नं. ०२३-४५२४३२, ४५३०८१ मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।

| क्र. सं. | विवरण | ५ (पाँच) वर्षको लागि न्यूनतम ठेक रकम मु.अ.कर बाहेक | बोलपत्र फाराम दस्तुर मु.अ.कर सहित | बोलपत्र जमानत रकम रु. | ठेक्का अवधि | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति |
|---|---|---|---|---|---|---|---|---|
| १. | कन्फेक्शनरी पसल सेवा सञ्चालन गर्ने कार्य। | रु.२,८३,२२७८५ | रु.१,०००।- (पछि फिर्ता नहुने) नेपाल नागरिक उड्डयन प्राधिकरणको विशाल बजार स्थित राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाता नं. १०९०१०००६४९१७००१ मा बुझाउनुपर्नेछ। | कबोल रकमको ५ (पाँच) प्रतिशत। | ५ (पाँच) वर्ष | सूचना प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र। | सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२:०० वजे भित्र। | बोलपत्र दाखिला गर्ने अन्तिम दिनको १४:०० वजे। |

१. बोलपत्र फाराम खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समय र स्थानमा बोलपत्र फाराम खरिद र दर्ता गरिनेछ।

२. बोलपत्र सम्बन्धी विस्तृत विवरण तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ।

नेपाल नागरिक उड्डयन प्राधिकरण चन्द्रगढी नागरिक उड्डयन कार्यालय २०५५ चन्द्रगढी, झापा

विमानस्थल प्रमुख

नेपाल नागरिक उड्डयन प्राधिकरण
चन्द्रगढी नागरिक उड्डयन कार्यालय, भद्रपुर, झापा
कन्फेक्शनरी पसल सेवा सञ्चालन गर्ने सम्बन्धी बोलपत्र आव्हानको सूचना
(प्रकाशित मिति २०८१।०९।२२)

चन्द्रगढी विमानस्थलको प्रस्थान कक्ष (Sterile Hall) मा १२.६० वर्गमीटर क्षेत्रफलमा कन्फेक्शनरी पसल सेवा सञ्चालनको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सरकारबाट सो सम्बन्धी कारोबार गर्न इजाजत प्राप्त गरेका इच्छुक व्यक्ति/संस्था/फर्म/कम्पनीले निम्न शर्तहरुको अधीनमा रही सिलबन्दी बोलपत्र फाराम पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र नेपाल नागरिक उड्डयन प्राधिकरणको बिशाल बजार स्थित **राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाता नम्बर १०९०१०००६४९१७००१ मा रु.१,०००।-** (अक्षरेपी: एक हजार रुपैयाँ मात्र) मूल्य अभिवृद्धि कर सहित (पछि फिर्ता नहुने) दाखिला गरी सोको सक्कल भौचर कार्यालयमा पेस गरी प्राप्त रसिद, नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्रको प्रतिलिपि कार्यालयमा पेस गरी बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिबाट १५ (पन्ध्र) दिनको कार्यालय समयभित्र खरिद गरी १६ (सोह्र) औं दिनको १२:०० बजेभित्र कार्यालयमा दाखिला गर्नुपर्नेछ । दाखिला हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनु पर्नेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समय र स्थानमा बोलपत्र खरिद र दर्ता गरिनेछ ।

३. बोलपत्रसाथ फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण सहित), सम्बन्धित निकायबाट व्यवसाय सञ्चालन गर्न प्राप्त इजाजत पत्र, मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्र, आ.व.२०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारवाहीमा भाग लिन अयोग्य नभएको, आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्वःघोषणापत्र पेस गर्नुपर्नेछ ।

४. कन्फेक्शनरी पसल सेवा सञ्चालनको लागि ठेक्का अवधि ५(पाँच) वर्षको हुनेछ । सो अवधिको न्यूनतम ठेक अंक रु. २,८३,२२७।८५ (अक्षरेपी: दुई लाख त्रिरासी हजार दुई सय सत्ताइस रुपैयाँ र पैसा पचासी मात्र) कायम गरिएको छ । साथै दोस्रो वर्षदेखि कुल ठेक अंकमा कार्यसम्पन्न भएको वर्षको रकम घटाई बाँकी हुन आउने बहाल रकममा नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मूल्यवृद्धि सूचकाङ्कको अनुपातमा स्वतः वृद्धि हुनेछ र सोही अनुरुप कायम हुन आउने थप बहाल रकम समेत बुझाउनु पर्नेछ ।

५. प्राधिकरण तथा मातहतका कार्यालयलाई बुझाउनुपर्ने बाँकी बक्यौता रहेका व्यक्ति, फर्महरुले बोलपत्रमा भाग लिन पाउनेछैन । प्राधिकरणलाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नरहेको व्यहोराको प्रमाण बोलपत्र कागजात खरिद गर्दाका समयमा पेस गर्नुपर्नेछ ।

६. कबोल गरेको रकमको ५% ले हुने बोलपत्र जमानत रकम कार्यालयको **NIC ASIA Bank**, चन्द्रगढी शाखामा रहेको धरौटी खाता नम्बर **६७४२०००३१२७५२४०४** मा दाखिला गरेको सक्कल भौचर वा सो रकम बराबरको कार्यालयको नाममा 'क' वर्गको वाणिज्य बैंकवाट जारी भएको कम्तीमा १८० दिन (बोलपत्र खोल्ने मितिबाट )मान्य अवधि भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेस गर्नुपर्नेछ ।

७. दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो, सो स्पष्ट लेखी श्री चन्दगढी नागरिक उड्डयन कार्यालय, भद्रपुर, झापालाई सम्बोधन गरी चन्दगढी नागरिक उड्डयन कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

८. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

९. रीत नपुगी, म्याद नाघी, शर्तसहित पेस भएको वा तोकिएको कागजात पेस भई नआएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

११. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

१२. यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको Website: www.caanepal.gov.np मा उपलब्ध हुनेछ ।

१३. यस सूचनामा नपरेका अन्य कुराहरु विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित ऐन, नियमानुसार हुनेछ ।

१४. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालयमा कार्यालय समयभित्र बुझ्न सकिनेछ ।

१५. सूचनामा भएका शर्त र बोलपत्रका शर्तहरुको अलावा आवश्यक अन्य शर्तहरु सम्झौता पत्रमा राख्न सकिनेछ ।

विमानस्थल प्रमुख